# "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार"

## आ.व. ०७६/७७ को नीति तथा कार्यक्रम

मेलम्ची नगरपालिकाको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा उपस्थित हुनु भएका आदरणीय उपप्रमुख एवं नगरसभाका सदस्यज्यूहरू,

चौथो नगर सभा सम्पन्न भएको पाँच महिना पूरा भएको छ । यस घडिमा मेलम्ची नगरपालिकाको तर्फबाट यस गरीमामय नगरसभामा उपस्थित भई नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन ब्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत हुँदै गएका छन् । मुलक संविधान कार्यान्वयनको चरणबाट अघि बढिरहेको छ । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग शुरू भएको छ । यो ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरीमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रूपमा रहने चालु आ.व. ०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । नगरपालिकाले गरेका कार्यहरूमा साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सम्पूर्ण सदस्यहरू, राजनैतिक दल, नागरिक समाज, संचार जगत, उद्योग वाणिज्य संघ, निर्माण ब्यवसायी, सरकारी तथा गैरसरकारी निकायहरू, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू एंव नगरवासी सम्पूर्ण आदरणीय दाजुभाई तथा दिदी-बहिनीहरूमा यस नगरसभा मार्फत हार्दिक आभार प्रकट गर्दछु ।

जनतालाई संघीय शासन ब्यवस्थाको प्रत्यक्ष अनुभूति दिलाउने अभिप्रायले नेपालको संविधान, २०७२ ले अङ्गीकार गरेको समाजवाद उन्मुख शासन प्रणालीलाई **"सुखी नेपाली र समृद्ध नेपाल"** को गन्तब्यतर्फ निर्देशित गर्ने गरी संघीय तथा प्रादेशिक कानून, नेपालको संविधान, २०७२ को भावना र स्थानीय सरकार संचालन ऐन, २०७४ ले अख्तियार गरेका काम, कर्तब्य, अधिकार र सिमा भित्र रही अधिकांश ऐन, कानून, नियमावली, कार्यविधि र निर्देशिकाहरू निर्माण गरिएको छ भने केही निर्माणको चरणमा रहेका छन् ।

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को तेस्रो नगर सभा पश्चात कार्यपालिकाको कार्यविभाजन नियमावली २०७४, कार्यपालिकाको (कार्यसम्पादन) नियमावली २०७४, नगरकार्यपालिकाको निर्णय वा अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) निर्देशिका २०७४, सभा संचालन कार्यविधि, २०७४ बमोजिम नगरपालिकाका कार्यहरूलाई नियमन र ब्यवस्थित गरिएको छ । त्यस्तै प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौं नगरसभा सम्पन्न गर्नका लागि स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक समितिहरू : राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी स्रोत अनुमान तथा बजेट निर्माण कार्यलाई ब्यवस्थित गरिनुको साथै कार्यसम्पादन नियमावली अन्तरगत कार्यपालिका अन्तर्गत गठित विषयगत समितिहरूलाई नियमितता दिई कार्य संचालन गरिदै आएको छ । मेलम्ची नगरपालिकाबाट सार्वजनिक जग्गा संरक्षण समिति गठन गरी नगर भित्रका सार्वजनिक जग्गाहरू छुट्याई साँध सिमाना कायम गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यसबाट नगर क्षेत्रको सार्वजनिक जग्गा संरक्षण र प्रवर्द्धन हुने देखिन्छ ।

देशको राजधानी काठमाडौंसँग सिमाना जोडिएको र जलश्रोत, कृषि, पर्यटन, उद्योग र जलाधार विकासको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरको श्रोत एवं साधनको सु-ब्यवस्थित उपयोगले नगरवासीको सम्वृद्धि र

जीवनमा सकारात्मक परिवर्तन र नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो पाँचौं नगरसभा सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रदेश ऐन अनुसार नगर सभाबाट सुशासन समिति, लेखा समिति र विधेयक समिति गठन भएको छ भने नगरका कार्यहरूलाई व्यवस्थित गर्न सार्वजनिक जग्गा संरक्षण समिति, उद्योग विकास समिति, पर्यटन प्रवर्द्धन समिति गठन भएको छ । नगर चक्रपथको संभाब्यता अध्ययन कार्य सम्पन्न भएको छ । नगरको विकासलाई दीर्घकालीन सोच अनुरुप दिगो र व्यवस्थित बनाउँन एकिकृत नगर विकास गुरूयोजना निर्माणको अन्तिम प्रतिवेदन प्राप्त भएको छ । पर्यटन प्रवर्द्धनको संभाब्यता अध्ययन भएको छ भने नगर क्षेत्र भित्र पर्यटन प्रवर्द्धन गर्न नगरपालिका भित्रको पर्यटन पदमार्गको पहिचान गर्ने कार्य शुरु भएको छ । जिल्ला समन्वय समिति महासंघको आयोजना, जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिकाको व्यवस्थापनमा मेलम्ची नगरपालिका वडा नं. ८ स्थित गुफाडाँडामा प्रथम जलवायु सम्मेलनको कार्य सम्पन्न भएको छ । सम्मेलनले स्वीकृत गरेका नीति, कार्ययोजना एवं सुझावहरुको कार्यान्वयनबाट जलवायु अनुकूलनमा सकरात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरू,

**अब म मेलम्ची नगरपालिकाबाट आ.व. २०७५/७६ मा सम्पादन भएका प्रमुख कार्यहरूको संक्षिप्त रूपमा प्रकाश पार्न गइरहेको छु ।**

**योजना निर्माण :**

स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधीहरुमा नगरको समग्र विकास निर्माण र आम नागरिक एवं उपभोक्ताको हितप्रति प्रतिवद्ध भई सुशासनको अनुभूति दिलाउने गरी कार्य सम्पादन गर्नुपर्ने जिम्मेवारी आएको छ । सोही जिम्मेवारीलाई मध्यनजर गर्दै मेलम्ची नगरपालिका क्षेत्र भित्रको समग्र विकास निर्माणलाई तिव्र रूपमा संचालन गर्नका लागि योजना तर्जुमाका विभिन्न ७ चरणहरू पार गर्दै सहभागीतामुलक पद्धति अनुसार योजनाहरू तर्जुमा गर्ने प्रणालीको विकास गरिएको छ ।

मेलम्ची नगरपालिकाको चौथो नगर सभाबाट चालु आ.व. २०७५/७६ को लागि नगरपालिका तर्फ रू. १ अर्ब ४३ लाख ४१ हजार ३ सय ४३ रूपैयाँ पैसा ४१ र गैरसरकारी संघसंस्था तर्फ ७८ करोड ८२ लाख ८१ हजार संशोधित बजेट निर्धारण गरिएकोमा उक्त बजेटबाट नगरका विभिन्न योजनाहरू टेण्डर र सम्झौता भई सम्पन्न भैसकेका छन् भने कतिपय योजनाहरू कार्यान्वयनको चरणमा रहेका छन् । नगर क्षेत्र भित्रका नगरस्तरीय योजनाहरूको निर्माण, नगर चक्रपथ निर्माणको थलनी, नगरपालिकाको भवन निर्माण, ग्रिन सिटी पार्कको निर्माण, सबै वडा कार्यालयमा इन्टरनेटको जडान, इविलिङ्ग प्रणालीको व्यवस्थाले वित्तिय सुशासनमा समेत सुधार आएको छ भने नगरको दिर्घकालीन योजना निर्माणको लागि एकिकृत नगरविकास गुरूयोजना निर्माण गरी सोको अन्तिम प्रतिवेदन प्राप्त भएको छ । यस नगरपालिकाले २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट क्षति भएका भौतिक संरचनाहरूको पुनर्निर्माणको कार्य अन्तिम अवस्थामा पुऱ्याएको छ । नगर भित्रका एकिकृत बस्ती विकास लगायत सबै वडाहरूमा जनताको स्थायी आवास पुनर्निर्माण कार्यमा सहयोग पुऱ्याउदै आएको छ ।

**कार्यान्वयन :**

मेलम्ची नगरपालिकाको चालु आ.व. २०७५/७६ को लागि नगर सभाबाट स्वीकृत भएका धेरै योजनाहरू सम्पन्न भएका छन् भने, केही योजनाहरू टेण्डर प्रक्रिया र उपभोक्ता समिति मार्फत निर्माणको अन्तिम अवस्थामा पुगेका छन् ।

**(१) प्रशासनिक व्यवस्थापन :**

नगरपालिकाले सिमित श्रोत साधन र कर्मचारीहरूको बाबजुत पनि नगरपालिका र वडा कार्यालयहरूबाट दिइने सेवालाई प्रभावकारी बनाएको छ । नगरपालिका र अन्तर्गतका वडाहरूबाट जनताका गुनासो व्यवस्थापन, विभिन्न प्रकृतिका देवानी मुद्धा तथा उजुरीहरूको न्यायको सिद्धन्तको आधारमा किनारा लागाउने कार्य गरिएको छ । नागरिक वडापत्रको व्यवस्थापन, भूकम्प पीडित लाभग्राहीहरूको अनुदान प्राप्तीको सहज व्यवस्था गरिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत अन्तरिम संगठनात्मक ढाँचा बमोजिम आवश्यक कर्मचारीहरूको व्यवस्थापन गरिएको छ । यस कार्यालय अन्तर्गत रहेका विषयगत कार्यालयहरू कृषि, पशु विकास, स्वास्थ्य, शिक्षा तथा खेलकुद, महिला तथा बालबालिका र सहकारी शाखाबाट आम नागरिकहरूलाई सहज रूपमा सेवा प्रदान गरिएको छ ।
प्रशासनिक क्षेत्रमा सुशासन कायम गर्नको लागि इलेक्ट्रोनिक हाजिरी प्रणालीको व्यवस्था र कर्मचारी कम्प्युटर क्षमता विकास तालिम संचालन गरिएको छ । नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूको लागि सौर्य ऊर्जा ब्याक अप खरिद गरी जडान गर्ने कार्य गरिएको छ । यसबाट कर्मचारीहरूमा कार्यालय नियमितता, सुशासन, सदाचार र कर्तव्यबोधको भावना सिर्जित भएको छ । यो प्रशासनिक सुधारको महत्वपूर्ण पाटो हो ।

**(२) पूर्वाधार निर्माण :**

सडक बोर्ड नेपालको साझेदारी, ऋसर उद्योग व्यवसायीसंगको समन्वय तथा सहयोगमा मेलम्ची नगरपालिकाको फट्केश्वर देखि फटकशीला छाप भञ्ज्याङ्सम्मको सडक र मेलम्ची तिपेनी सडकको ग्राभेल गरी स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ । यसबाट मेलम्ची देखि काठमाडौंसम्मको यातायात सेवामा सहजता आएको छ । नगर चक्रपथको सम्भाव्यता अध्ययन गरी चक्रपथ निर्माण गर्न आवश्यक देखिएकोले यसै आ.व.बाट नगर चक्रपथ निर्माणको कार्य थालनी गरिएको छ । फटकशिला खानेपानी निर्माणको कार्यलाई निरन्तरता दिइएको छ । हालसम्म फटकशिला खानेपानी योजनाको ३५ प्रतिशत कार्य सम्पन्न भैसकेको छ । नगरपालिकाको भवन निर्माणको कार्य अगाडि बढेको छ । मेलम्ची नगरपालिका वडा नं. ५, ७ , ८ र १० का वडा कार्यालयको अस्थायी भवन निर्माण भई हस्तान्तरण समेत भैसकेका छन् । नगरपालिका भित्र स्थायी वडा कार्यालय भवन निर्माणको लागि वडा नं १, २, ५ र १२ को DPR तयारीको कार्य भैरहेको छ । भञ्ज्याङ् ठाँटी पँधेराचौर फट्केश्वर सडक, सिन्धुखोल गिरान्चौर खाल्डे सडक, भदौरे धुसेनीचौर मानेभञ्ज्याङ् नेपाने सडक, सिन्धुकोट चनौटे थाक्ले डडुवा कटुञ्जे मानेभञ्ज्याङ् सडक, मेलम्ची ज्यामिरे गुफा सडक, मेलम्ची धुसेनीचौर धौले सडक, तालामाराङ कोलेचौर मानेभञ्ज्याङ् सडक, मानेभञ्ज्याङ् बतासे ओख्रेनीचौर सडक र जिरो हैबुङ् पाटीभञ्ज्याङ् सडकको DPR निर्माण कार्य सम्पन्न भएको छ ।
मेलम्ची बजारको खानेपानी व्यवस्थापन, गुफा चांखु डब्ल्याङ् खानेपानी र मेलम्ची नगरपालिका वडा नं. ११ दनुवारटोल लिफ्ट सिंचाईको DPR निर्माण कार्य सम्पन्न भएको छ । त्यसगरी, मेलम्ची बजारको बसपार्क व्यवस्थापनको लागि DPR निर्माण भैरहेको छ भने ईन्द्रावती नदीलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नको लागि चेक ड्याम निर्माणको लागि संभाव्यता अध्ययन भैरहेको छ ।

यस आ.व.मा ईलाका बन कार्यालय देखि मेलम्ची नगरपालिका कार्यालयसम्म कालो पत्रे सडक निर्माणको कार्य भैरहेको छ । नगरपालिका अन्तर्गत मेलम्ची गुफा चांखु सडक चौडा तथा स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ ।

काठको पोल विस्थापित गर्ने नीति अनुसार नगरपालिका अन्तर्गतका वडाहरूमा फलमे विघुत पोलहरू वितरण गरिएको छ ।

खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अनुसार खेलकुदका क्षेत्रमा नगरपालिकाबाट आवश्यक सहयोग र सहकार्य भएको छ । साथै एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अनुरूप मेलम्ची नगरपालिकाको वडा नं. ४, ७ र ११ मा खेलकुद मैदान निर्माणको थालनी गरिएको छ ।

**(३) भवन तथा पुनर्निर्माण :**

मेलम्ची नगरपालिकाले बस्ती विकास र भवन निर्माण कार्यलाई व्यवस्थित र सुरक्षित बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा भएको व्यवस्था, भवन ऐन, २०५५, भवन संहिता २०६० र मेलम्ची नगरपालिकाको भवन निर्माण मापदण्ड २०७२ पूर्ण रूपमा लागु गरिएको छ । सोही ऐन र मापदण्ड भित्र रही नगर भित्रका मार्गहरूको क्षेत्राधिकार र खोला खोल्सीको मापदण्ड तोकिएको छ ।

नक्शा पासको प्रक्रिया पूरा गरी र वडाको अनुमतिको आधारमा नगरपालिका भित्र जम्मा ७८०० वटा घरहरू निर्माण सम्पन्न भएका छन् भने ८५% घरहरूको जग निर्माण कार्य सम्पन्न भएको छ ।

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट यस नगरपालिकाका करिव १२५६४ घरधुरी पूर्ण रूपमा क्षति भएकोमा उक्त कार्यको पुनर्निर्माणमा केही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरूले सहयोग पुऱ्याउदै आएका छन् । मेलम्ची नगरपालिका वडा नं १२ स्थित गिरान्चौरमा मेलम्ची नगरपालिका र तिलगंगा ग्लोबल फ्रेन्स्को सहयोगमा सामुदायिक पुनर्निर्माण पर्यटन प्रवर्द्धन परियोजना समिति मार्फत एकिकृत बस्ती निर्माणको कार्य भइरहेको छ । सोही वडाको नाम्डोलिङ्ग बस्तीमा चौधरी फाउण्डेशनबाट एकिकृत बस्ती निर्माणको कार्य भइरहेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र मेलम्ची नगरपालिकाको सहयोगमा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित जरायोटार एकिकृत बस्ती निर्माणको कार्य भैरहेको छ । महिला आत्म निर्भरता केन्द्र, अक्सफाम नेपाल र यस नगरपालिकाको समन्वयमा मेलम्ची नगरपालिका वडा नं. १२ स्थित थाक्ले एकिकृत बस्तीको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । मेलम्ची नगरपालिका वडा नं. ६ स्थित उपल्लो गाउँ र वडा नं. ३ स्थित स्याङतान टोलमा स्थानीय समुदायको पहल र नगरपालिकाको सहयोगमा एकिकृत बस्ती निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी मेलम्ची नगरपालिका वडा नं. ३ स्थित बिन्दु बञ्जरा टोल र वडा नं. ६ स्थित तालामाराङ सिग्देल टोल एकिकृत बस्ती निर्माणको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रस्ताव स्वीकृत भई निर्माण कार्य अगाडि बढिरहेको छ । मेलम्ची नगरपालिकाका असहाय र आर्थिक रूपमा विपन्न परिवारको लागि यस नगरपालिकाको समन्वयमा हेल्भेटास नेपाल र केयर नेपाल, सि.एस.आर.सी.को आर्थिक सहयोगमा स्थायी आवास पुनर्निर्माण गर्ने कार्य गरिएको छ ।

मेलम्ची नगरपालिकाका १३४२१ लाभग्राहीहरू मध्ये १३२४२ जनाले भूकम्पपीडित लाभग्राही सम्झौता गरेका छन् । जसमध्ये १३०६३ जना लाभग्राहीहरूले प्रथम किस्ता, १२१८० जना लाभग्राहीहरूले दोश्रो किस्ता र ८८८४ जना लाभग्राहीले अन्तिम किस्ता अनुदान प्राप्त गरेका छन् । भूकम्पमा छुट भएको गुनासा दर्ता गर्ने कार्य सम्पन्न गरी स्थलगत पुनः निरिक्षणको कार्य भैरहेको छ ।

भूकम्प पश्चातको पुनर्निमाणलाई तिव्रता दिन नगर कार्यपालिकाको निर्णयबाट पुनः मिति २०७६ असार मसान्तसम्म सबै प्रकारका लोड बेयरिङ्ग घरहरूको नक्सा पास नगरी सम्बन्धित वडाको सिफारिसको आधारमा स्थायी आवास निर्माण गर्न अनुमति प्रदान गरिएको छ । RCC र स्ल्याब ढलानबाट निर्माण हुने घरहरूमा २०७६ असार मसान्तसम्म २५% छुट सहित नक्शा पास गर्ने व्यवस्था गरिएको छ । यसबाट नगरबासीको पुनर्निर्माण कार्यमा राहत पुग्ने विश्वास लिइएको छ ।

**(४) पर्यटन विकास :**

मेलम्ची नगरपालिका क्षेत्रलाई पर्यटन क्षेत्रको रूपमा विकास गर्नको लागि मेलम्ची नगरपालिका वडा नं. १ को सुरक्षा डाँडा र पाताल गुफा, वडा नं. २ को तपचुली डाँडा, वडा नं. ३ को गुरूङ्गगाउँ चिसापानी, वडा नं. ४ को

पाटी भञ्ज्याङ्ग, थानाभञ्ज्याङ्गगढी र धौले, वडा नं. ५ को धौले, सुलिकोट, वडा नं. ६ को मानेभञ्ज्याङ्ग सिग्देलटोल एकिकृत बस्ती, वडा नं. ११ को मेलम्ची हुँदै धुसेनीचौर धौले र वडा नं. ८ को चांखु, गुफासम्मको पदमार्ग पहिचान गरी पद मार्ग निर्माण कार्यको थालनी गरिएको छ ।

मेलम्ची नगरपालिका वडा नं. ४ स्थित धौलेश्वरी मन्दिर परिसरमा पोखरी, सार्वजनिक शौचालय र विश्राम स्थल निर्माण र ब्यवस्थापनको कार्य युएनडिपी र सिडइसिएफसंगको साझेदारीमा सम्पन्न गरिएको छ । पर्यटन विकासको लागि पर्यटन विकास कोषको स्थापना गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ११ लगायत सुलिकोट, धुसेनीचौर धौले, गुफा चांखु, ओखेनी चौर, ककनी लगायत नगरपालिका भित्रका अन्य संभावित स्थानहरूको एकिकृत पर्यटन विकासका लागि संभाब्यता अध्ययनको कार्य अन्तिम चरणमा पुगेको छ । मेलम्ची नगरपालिका वडा नं. २ स्थित तपचुली भ्यू टावर निर्माणको DPR निर्माण गर्ने कार्य सम्पन्न भएको छ । मेलम्ची नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मेलम्ची ग्रिन सिटी पार्कको DPR निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट आन्तरिक तथा वाह्य पर्यटनको विकासमा टेवा पुग्नुको साथै नगरको आन्तरिक आम्दानीमा समेत वृद्धि हुन जानेछ ।

मेलम्ची नगरपालिका आसपासमा रहेका छिमेकी गाउँपालिकहरूसंग समन्वय गरी बृहत्तर पर्यटन विकासका कार्यहरू अगाडि बढाउँने लक्ष्यका साथ कार्य भइरहेको छ । पर्यटन प्रवर्द्धनका लागि घर बास (होम स्टे) सम्बन्धी आधारभूत तालिम सम्पन्न गरिएको छ ।

**(५) <u>वातावरण संरक्षण, फोहरमैला तथा विपद् ब्यवस्थापन</u> :**

मेलम्ची नगरपालिकाका बजार क्षेत्रबाट उत्पादन/संकलन भएका फोहरमैलाहरूको उचित ब्यवस्थापनको लागि फोहरमैला डम्पिङ्ग साइटको पहिचान गर्ने कार्य भैरहेको छ । फोहरमैला ब्यवस्थापनको लागि मेलम्ची नगरपालिका वडा नं. ११ को धिताल बेंसी स्थित बगर क्षेत्रमा खाल्डो खनी अस्थायी रूपमा ब्यवस्थापन गरिएको छ, साथै उक्त फोहोरलाई ब्यवस्थापन गर्नको लागि हाल सेग्रिगेसन सेडको निर्माण कार्य सम्पन्न गरिएको छ भने नगरको फोहरमैलाको दिगो र वातावरणमैत्री रूपमा ब्यवस्थापन गर्नको लागि ब्लु वेष्ट टु भ्यालु, काठमाडौंसंग सम्झौता सम्पन्न गरिएको छ ।

विपद् ब्यवस्थापन तथा जलवायु अनुकुलन अन्तर्गत मेलम्ची नगरपालिका भित्रका जोखिममा रहेका बस्तीको संरक्षणका लागि नगरपालिकाबाट आवश्यक तारजाली खरिद गरी जोखिमयुक्त बस्ती तथा स्थानको लागि सम्बन्धित वडा कार्यालयसंग समन्वय गरी जाली वितरणको कार्य सम्पन्न गरिएको छ भने भविष्यमा तत्काल आइपर्ने जोखिम तथा विपद्लाई मध्यनजर गर्दै तारजालीको मौज्दातको समेत ब्यवस्था गरिएको छ । जोखिममा रहेका बस्तीलाई तत्काल तारजाली उपलब्ध गराई जोखिम युक्त बस्तीको संरक्षण कार्य गरिनेछ ।

नगरपालिका क्षेत्रको वातावरण प्रदुषण न्यूनिकरण तथा वातावरण संरक्षण गर्नको लागि यस आ.व.मा मेलम्ची नगरपालिका वडा नं. ५, ६, ८ र ११ मा स्थायी शवदाह स्थल तथा पाटी निर्माणको कार्य सम्पन्न भएको छ भने आवश्यकता अनुसार अन्य स्थानमा निर्माणको थालनी गरिनेछ ।

**(६) <u>कृषि तथा पशु विकास</u> :**

कृषि विकास तर्फ कृषि विकास कोषको स्थापना गरी संघीय सरकारबाट प्राप्त भएको शशर्त रकमबाट विभिन्न किसिमका कार्यक्रम संचालन मार्फत कृषिमा आधुनिकिरण र ब्यवसायी बनाउँन कृषि यन्त्र उपकरण, प्लाष्टिक टनेल, फलफुलको विरूवाहरू खरिद गरी अनुदानमा वितरण गर्ने कार्य भएको छ । जनताको आर्थिक स्तर वृद्धिको लागि मकै पकेट क्षेत्र, अलैंची पकेट क्षेत्र जस्ता उदयमान बालीहरूको पकेट क्षेत्र निर्धारण गरी मकैको बिउ उत्पादनका साथै किवी खेती र कागतीको विरूवा लगाउनको लागि आवश्यक सहयोग गरिएको छ । पशु सेवा कार्यक्रम तर्फ पशुपालक कृषकहरूलाई तालिमको ब्यवस्था गरिनुको साथै जै घाँसको बिउ वितरण गरिएको छ । पशु उपचारको लागि औषधि खरिद गर्ने कार्यका साथै गोठ सुधार गर्ने कार्य गरिएको छ ।

**(७) शिक्षा तथा खेलकुद** :

शैक्षिक क्षेत्रको विकास र शैक्षिक गुणस्तरता वृद्धि गर्नको लागि मेलम्ची नगरपालिका अन्तर्गतका दलित, जनजाती, विपन्न लगायतका विद्यार्थीहरुलाई लोक सेवा आयोग तयारी कक्षा संचालन गरिएको छ ।

ईन्द्रेश्वरी माध्यामिक विद्यालयमा प्राविधिक धार (सिभिल इन्जिनियरङ्ग) तर्फ कक्षा ११ र १२ सम्मको पठन पाठन शुरुवात गरिएको छ । प्राविधिक शिक्षालाई प्राथमिकता दिने नीति कार्यान्वयनमा जोड दिंदै मेलम्ची नगरपालिका वडा नं. १२ स्थित जालपा देवी माध्यामिक विद्यालयमा तीन वर्षे डिप्लोमा इन एग्रिकल्चर (कृषि) विषयको कक्षा संचालन गर्ने कार्यको शुरुवात गरिएको छ । आधारभूत तहको परीक्षालाई मर्यादित र ब्यवस्थित रुपमा नगरस्तरमा संचालन गर्ने कार्य सम्पन्न भएको छ । नगरस्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी एवं कार्य सम्पादनको आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत समेत गरिएको छ । विद्यालय हाताभित्र स्वच्छ हराभरा र हरियाली वातावरण निर्माणको कार्य अगाडि बढिरहेको छ । विद्यालयको अनुगमन तथा निरिक्षणलाई प्रभावकारी बनाइएको छ । विद्यालयको वित्तिय ब्यवस्थापनलाई सुदृढ बनाउँन वित्तिय ब्यवस्थापन लगायतका तालिमहरू संचालन गरिएको छ । वित्तिय समानिकरण अन्तर्गत प्राप्त भएका अनुदान तथा छात्रवृत्ति लगायतका कार्यक्रमहरूलाई प्रभावकारी ढंगबाट कार्यान्वियन गरिएको छ । यस नगरपालिकाको वडा नं. ६ स्थित बतासे मा.वि., तेर्से माध्यामिक विद्यालयमा आवासीय विद्यालय निर्माण गर्ने कार्यको थालनी गरिएको छ ।

मेलम्ची नगरपालिका क्षेत्र भित्रका विद्यालयहरू बीच हाजिरी जवाफ प्रतियोगिता संचालन गर्नुका साथै नगरपालिका अन्तर्गतका केही विद्यालयहरूको भवन निर्माणमा समेत सहयोग गरिएको छ । आवासीय विद्यालयको ब्यवस्थापन गर्दै लैजाने नीति अनुसार मेलम्ची नगरपालिका वडा नं. ६ स्थित बतासे माध्यामिक विद्यालयको भवन एवं विद्यालयको छात्रावास निर्माण गर्न कारितास स्वीजरल्याण्डसंग सम्झौता गरिएको छ ।

खेलकुद क्षेत्रको विकासको लागि मेयर कप फुटबल प्रतियोगिता सम्पन्न गरिएको छ भने अन्य खेलकुदका कार्यक्रमहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने कार्य गरिएको छ ।

**(८) स्वास्थ्य तथा आयुर्वेद** :

संघीय सरकारको निर्णयानुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, आयुर्वेद, महिला तथा बालबालिका लगायतका विषयगत कार्यालयहरू यस नगरपालिकामा समावेश भएको अवस्थामा उल्लेखित कार्यालयहरुको ब्यवस्थापन गर्ने कार्य गरिएको छ । एक वडा एक स्वास्थ्य केन्द्रको अवधारण अनुसार विषयगत कार्यालयहरुबाट प्रदान गरिदै आएको सेवामा अझ प्रभावकारी ढंगबाट संचालन गर्नको लागि केन्द्र सरकारबाट प्राप्त भएको शशर्त अनुदान र नगरपालिकाको आन्तरिक आयबाट स्वास्थ्य तर्फ औषधि खरिद गरी नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको छ ।

नगरपालिकाको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा मेलम्ची नगरपालिका वडा नं. ८ मा स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवाको शुरुवात गरिएको छ भने मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ५ का स्थानीय जनताहरूलाई छिटो र प्रभावकारी ढंगबाट एकिकृत सेवा उपलब्ध गराउँने उद्देश्यले मेलम्ची नगरपालिका वडा नं. ४ स्थित पिप्लेमा एकिकृत सेवा केन्द्रको स्थापना गरी संचालनमा ल्याइएको छ । यस सेवा केन्द्रबाट स्थानीय सेवाग्राहीहरुले सेवा उपयोग गरिरहेका छन् ।

आयुर्वेद चिकित्सा पद्धतीको विकास र प्रवर्द्धन गर्नको लागि शिरोधारा कार्यक्रम, योग तथा आयुर्वेद स्वास्थ्य शिविर र विद्यालय स्तरमा जडिबुटीको पहिचान लगायत विभिन्न कार्यक्रमहरू संचालन गरिएको छ ।

**(९) महिला तथा बालबालिका** :

यस चालु आ.व.मा महिला लक्षित कार्यक्रम संचालन गर्नुका साथै संविधान दिवस, अन्तराष्ट्रिय बाल दिवस, मानब बेचबिखन तथा ओसार पसार विरुद्धको दिवस, ज्येष्ठ नागरिक दिवस, अपाङ्ग दिवस लगायतका दिवसहरू मनाइएको छ । नगरपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा मार्फत अपाङ्ग परिचयपत्र र ज्येष्ठ

नागरिक परिचय पत्र वितरण कार्यको थालनी गरिएको छ । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूको सञ्जाल गठन गरिएको छ भने वडास्तरीय बाल सञ्जालको पुर्नगठन गरिएको छ ।

**(१०) <u>उद्योग, व्यवसाय तथा राजस्व प्रवर्द्धन</u> :**

मेलम्ची नगरपालिका क्षेत्रका बजारलाई व्यवस्थित गर्न र उद्योग व्यवसाय दर्ता गराउन जनचेतना जागृत गराउने उद्देश्यले मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची, तालामाराङ, बाहुनेपाटी, सिन्धुखोला, भोटेचौर, शिखरपुर, काउले दोभान लगायतका बजारहरूको बजार अनुगमन गरी ५५७ भन्दा बढी व्यवसायहरूको अभिलेख लिने कार्य गरिएको छ । बजारमा भएको मूल्य वृद्धि, कार्टेलिङ, नापतौल, उपभोग्य वस्तुको गुणस्तरता लगायतका विषयमा अनुगमन गरि यस्ता क्रियाकलापहरू हुन नदिने तर्फ सचेत गर्ने कार्य गरिएको छ । त्यसैगरी राजस्व अभिवृद्धि गरी नगरलाई समृद्ध बनाउँने उद्देश्य अनुरूप नगर तथा स्थानीय स्तरमा राजस्व सचेतिकरण तथा उपभोक्ता अभिमुखीकरण कार्यक्रमहरू संचालन गरिएको छ । स्थानीय जनताको सेवा र पुहँचलाई ध्यान दिंदै सबै किसिमका व्यवसायहरूको दर्ता र नविकरण गर्ने कार्य सम्बन्धित वडा कार्यालयहरूबाटै शुरू गरिएको छ । ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा प्रारम्भिक वातावरणीय परिक्षणको अध्ययन गरी ढुंगा, गिटी, बालुवाको संकलन तथा बिक्री, सडक मर्मत संभार र सवारी प्रवेश शुल्क मार्फत ठेक्काद्वारा आन्तरिक आय संकलनको कार्य भैरहेको छ भने आ.व. २०७६/०७७ को लागि ढुंगा, गिटी, बालुवाको संकलन तथा बिक्री मार्फत आन्तरिक आय संकलनको ठेक्का प्रक्रिया अन्तिम अवस्थामा पुगेको छ । मेलम्ची नगरपालिका, उपभोक्ता हित संरक्षण मञ्च, घरेलु तथा साना उद्योग विकास समिति, उद्योग वाणिज्य संघ लगायतको संयुक्त पहलमा बजारको अनुगमन, व्यवस्थापन र उपभोक्ता हित सम्बन्धि कार्यक्रमहरू संचालन गरिएको छ ।

**(११) <u>सार्वजनिक जग्गा संरक्षण</u> :**

नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण गर्ने नीति अनुसार हालसम्म मेलम्ची नगरपालिका वडा नं. ११ स्थित सिम्ला बगर क्षेत्रको ७४ रोपनी ८ आना, गैरा बगर क्षेत्रको २७ रोपनी, बगैंचा क्षेत्रको ७४ रोपनी र मेलम्ची नगरपालिका वडा नं. १२ र १३ का क्रसर उद्योग स्थापना भएको क्षेत्र भित्रका ३३८ रोपनी १३ आना गरी कूल ४८७ रोपनी ५ आना सार्वजनिक जग्गाहरू छुट्याउने कार्य सम्पन्न गरिएको छ ।

**(१२) आय आर्जन तथा जिविकोपार्जन तर्फ :**

मेलम्ची नगरपालिका र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको साझेदारीमा मेलम्ची नगरपालिका वडा नं. १ मा दुग्ध चिस्यान केन्द्र निर्माणको कार्य सम्पन्न भएको छ । वडा नं. २ मा गंगेटार सिस्नेरी सिंचाई कुलो मर्मत, वडा नं. ४ मा सिन्धुखोला सिंचाई कुलो मर्मत, आधुनिक माहुरी पालन व्यवसायको प्रवर्द्धन, मेलम्ची नगरपालिकाको पर्यटकीय स्थल धौलेमा धार्मिक पानी पोखरी निर्माण, वडा नं. ५ मा सिन्धुकोट छाला प्रशोधन केन्द्र भवन निर्माण, वडा नं. ६ मा निग्लेनी खोला डाँडाखेत सिंचाई योजना निर्माण, बतासे माहुरी पालन व्यवस्थापन, च्याउ खेती प्रवर्द्धन कार्यक्रम, वडा नं. ११ स्थित दलित बस्ती खानेपानी मर्मत सुधार कार्यक्रम, लप्सी क्याण्डी तालिम सहयोग र वडा नं. १२ मा श्री नमूना महिला बचत तथा ऋण सहकारी भवन निर्माणका कार्यहरू सम्पन्न भएका छन् । यसरी जनताको आय आर्जन र जिविकोपार्जन मार्फत नगरबासीहरूको आर्थिक समृद्धि प्राप्त गर्नको लागि नगरपालिकाले कार्य गरिरहेको छ ।

**(१३) सामाजिक विकास तथा गैर सरकारी संस्था :**

नगर भित्रका सहकारीहरूको प्रवर्द्धन र व्यवस्थापन गर्ने उद्देश्यले सहकारी संस्थाका सदस्यहरूलाई सहकारी सम्बन्धी अभिमुखीकरण, विद्युतीय प्रविधिको माध्यमबाट विवरण अद्यावधिक गर्न तालिम कार्यक्रम संचालन गरिएको छ । सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शिता र तथ्याङ्कहरूको अद्यावधिक गर्ने कार्य गरिएको छ । सामाजिक संस्थाहरूले नगर भित्र संचालन गरेका कार्यहरूको समिक्षा गरी त्यस्ता कार्यक्रमहरूलाई अझ बढी

प्रभावकारी बनाउँन समन्वय गरिएको छ । मेलम्ची नगरपालिका भित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका हेलभेटास नेपाल, कारितास स्वीजरल्याण्ड, केयर नेपाल, अक्सफाम नेपाल, नेपाल रेडक्रस सोसाइटी, जाईका, चाइल्ड नेपाल, महिला आत्मनिर्भरता केन्द्र, सि यस् आर सि, सिडिइसिएफ, रेष्ट नेपाल, रक्षा नेपाल लगायतका गैससहरूबाट समेत नगरपालिका अन्तर्गतका पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रममा सहयोग भएको छ । मेलम्ची नगरपालिकाले नगरभित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूसंग समन्वय र सहकार्य गरी कार्य गरिरहेको छ । यसरी समृद्ध नगर निर्माणको लागि गैर सरकारी संस्थाहरूको प्रभावकारी भूमिका अझ बढि देखिन्छ ।

**(१४) न्यायिक कार्यको सम्पादन :**

नेपालको संविधान, २०७२ को धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ मा भएको व्यवस्था बमोजिम न्यायिक समितिको गठन गरी विभिन्न किसिमका झै-झगडा, अंश मुद्धा, पारिपारिक समस्या लगायत २२ वटा उजुरीहरूमा न्याय सम्पादन गर्ने कार्य गरिएको छ, ४ वटा मुद्धाहरूको फैसला गरिएको छ भने १८ वटा मुद्धाहरूमा सुनुवाई भैरहेको छ । नगरपालिकाबाट सम्पादन हुने न्यायिक कार्यलाई व्यवस्थित, पारदर्शी र मेलमिलापका माध्यमाबाट विवाद समाधान गर्न नगरपालिका अन्तर्गतका १३ वटै वडाहरूमा मेलमिलाप कर्ताहरूको सूची तयार गर्नुका साथै न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । नगरका थप ४१ जना मेलमिलापकर्ताहरूलाई आधारभूत तालिम प्रदान गरिएको छ । यस कार्यबाट वडामा रहेका मेलमिलापकर्ताहरूबाट वडागत वादविवाद, मुद्धा मामिला तथा उजुरीहरूको छिटो छरितो ढङ्गबाट समस्या समाधान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**(१५) सुशासन :**

मेलम्ची नगरवासीको गुनासो व्यवस्थापन र सार्वजनिक सुनुवाईको अभियान अन्तर्गत मेलम्ची नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, १० र ११ मा सार्वजनिक सुनुवाईको कार्य सम्पन्न गरिएको छ भने यस्ता कार्यलाई थप प्रभावकारी बनाई सबै वडामा संचालन गरिनेछ । यस नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरूमा नागरिक बडापत्र, उजुरी पेटीका, सूचना बोर्डको स्थापना गर्ने कार्य गरिएको छ ।

**(१६) ऐन, कानून तथा नीति निर्माण :**

नेपालको संविधान २०७२, ले अंगिकार गरेका सिद्धान्त, नीति र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाबाट चालु आ.व. २०७५/७६ मा तपशिल बमोजिमका विधेयक, नियम, कार्यविधि तथा निर्देशिकाहरू निर्माण गरिएको छ भने अधिकांश कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छन् ।

तपशिल

१. विनियोजन ऐन, २०७५
२. आर्थिक ऐन, २०७५
३. मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५
४. मेलम्ची नगरपालिकाको बजार अनुगमन ऐन, २०७५
५. मेलम्ची नगरपालिकाको व्यवसाय दर्ता ऐन, २०७५
६. सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
७. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५
८. सम्पत्ति कर लगाउने (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

९. कार्यसम्पादन नियमावली, २०७५
१०. मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५
११. न्यायिक समितिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
१२. ब्याह हो लोडर संचालन कार्यविधि, २०७५
१३. अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन ऐन, २०७५
१४. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४
१५. मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५
१६. "घ" वर्गको निर्माण व्यवसाय इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४
१७. मेलम्ची नगरपालिका कार्यालयमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्न तयार पारिएको कार्यविधि, २०७५
१८. नगर शिक्षा ऐन, २०७५
१९. उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७५
२०. जल उपभोक्ता समिति दर्ता सम्बन्धि कार्यविधि, २०७५
२१. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५
२२. टोल विकास संस्था संचालन कार्यविधि, २०७५
२३. सहकारी नियमावली, २०७६

## आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम

म आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आदरणीय उप-प्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरू,

आ.व. २०७६/७७ का लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न लिखित नीति तथा आधारहरू अवलम्बन गरिएको ब्यहोरा जानकारी गराउँदछु ।

- नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिलक्षित गरेको निर्देशक सिद्धान्त र नीतिहरू ,
- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालयबाट समय-समयमा प्राप्त भएका मार्गदर्शन तथा निर्देशनहरू,
- टोल भेला, वडा जनप्रतिनिधीको प्राथमिकता, विषयगत समिति तथा एकीकृत योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त योजना तथा कार्यक्रमहरू,
- मेलम्ची नगरपालिकाको एकिकृत नगर विकास गुरूयोजना

**क्षेत्रगत नीति तथा कार्यक्रमहरू :**

१. आर्थिक विकास :

- नेपालको संविधान २०७२ को आधारमा मेलम्ची नगरपालिकाको आर्थिक ऐन निर्माण, संघ तथा प्रदेश सरकारसंग समन्वय तथा सहकार्य, जिल्ला समन्वय समितिसँग समन्वय, स्थानीय सरकार संचालन ऐन, २०७४ ले ब्यवस्था गरेका काम, कर्तब्य र अधिकारको सिमा भित्र रही प्रचलित ऐन कानुन तथा संघीय र प्रदेश सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई ब्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार " को मुल लक्ष्यलाई विकास नीतिको रूपमा अवलम्बन गरिनेछ ।
- यस नगरक्षेत्र भित्र बसोबास गर्ने नगरबासीहरूको आर्थिक क्षमता, उत्पादनको अवस्था र अन्य नगरपालिकाहरूले लागु गरेका करका दरको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिनेछ ।
- नगरपालिकाको दीर्घकालीन र क्षेत्रगत विकास गर्न स्थायी प्रकृतिका पर्यटन विकास कोष, कृषि विकास कोष लगायत आवश्यकताका आधारमा अन्य वित्तीय कोषहरू खडा गरी कृषि, पर्यटन, उद्योग र जलश्रोतको प्रर्वद्धन गरिनेछ ।
- नगरपालिकाबाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।
- नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्ने क्रममा सम्बन्धित निकायबाट स्रोतमा थपघट वा परिमार्जन भएमा सोही बमोजिम गरिनेछ ।
- नगरपालिका र अन्तर्गतका सबै वडा कार्यालयमा सफ्टवेयर जडान गरी आर्थिक कारोवारलाई पारदर्शी एवं ब्यवस्थित गरिनेछ । साथै, वडा कार्यालय र नगारपालिका कार्यालय बीच E-Linkage कायम गरिनेछ, ।
- राजस्वका थप स्रोत पहिचान गरी आन्तरिक राजस्व वृद्धि गर्ने नीति लिइनेछ ।

- राजस्व संकलन, "भार होइन, नगर समृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ ।
- आन्तरिक राजस्व वृद्धि गरी नगरलाई समृद्ध बनाउनको लागि २०७५ श्रावण १ देखि लागु गरिएको सम्पत्ति करलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको आन्तरिक श्रोत र दायराको सम्बन्धमा विज्ञ समूहबाट अध्ययन गराई आन्तरिक राजस्व बढाउने नीति लिइनेछ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने करदाता मैत्री कर नीति अवलम्बन गरिनेछ ।
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत साधनको सन्तुलित वितरणको खाका तयार गर्ने नीति लिइनेछ ।
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन र स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरू तय गर्ने नीति अवलम्बन गरिनेछ ।
- अर्थतन्त्रका तीन स्तम्भहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिका मार्फत नगरको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरू केन्द्रित गरिनेछ ।
- "आफ्नो गाउँ आफैं बनाउँ " विशेष कार्यक्रम लागु गर्ने नीति अवलम्बन गरिनेछ ।
- उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा उद्योग र व्यापारको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- उपभोक्ता हित संरक्षण मञ्च, नगर सहकारी संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा स्थानीय जनताको आयआर्जनमा वृद्धि गरी स्वच्छ र प्रतिस्पर्धात्मक बजारको व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- आपूर्ति व्यवस्थालाई सरल, सुलभ र सहज बनाइनेछ । खाद्य तथा गैर खाद्य बजारमा स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्न अनुगमन प्रणाली प्रभावकारी बनाइनेछ ।
- मेलम्ची नगरपालिकाको बाहुनेपाटी क्षेत्रलाई व्यापारिक क्षेत्र र मेलम्ची क्षेत्रलाई प्रशासनीक क्षेत्रको रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरको समग्र विकासको लागि संघ, प्रदेश र नगरपालिकासंग सिमाना जोडिएका अन्य नगरपालिका तथा गाउँपालिकाहरूसंग आवश्यक समन्वय र सहकार्य गरी साझेदारी कार्यक्रमहरू संचालन गरिनेछ ।
- निर्माण, उत्पादनमुलक उद्योग र सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सक्रिय रूपमा कार्यान्वयन गरिनेछ ।
- नगरभित्र संचालन हुने विकास निर्माणका काममा संलग्न हुने महिला र पुरूषबीच **"समान कार्यको लागि समान ज्याला"** दिने नीति लिइनेछ ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणको लागि आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था गरिनेछ ।

**(क) पर्यटन विकासः**

- नगरको पर्यटन विकासका लागि एकिकृत नगर विकास गुरु योजना (Integrated Master Plan) तयार गर्दा पर्यटन गुरू योजना समेत समावेश गरी तयार गरिएको छ । सो गुरुयोजनाको आधारमा पिक्निक स्पोर्ट, पार्क, होम स्टे, भ्यू टावर लगायतको ब्यवस्थापन गर्ने नीति लिइनेछ,

- नगरको पर्यटन विकासको लागि आवश्यकता अनुसार पयर्टन पदमार्गहरूको पहिचान तथा निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पर्यटन विकासका लागि गठित नगरस्तरीय पर्यटन विकास समितिलाई सबल र सक्षम बनाउँदै समितिको क्षमता विकासमा जोड दिइनेछ ।
- कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्बाको संरक्षण, संम्वर्द्धन तथा प्रबर्द्धन गर्दै नगरको पर्यटन विकासमा जोड दिइनेछ ।
- पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रशार र पर्यटकीय सेवा सुविधाको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि आवश्यकता अनुसार घर बास (होम स्टे) संचालनको नीति लिइनेछ ।
- मेलम्ची नगर क्षेत्रका धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्, भोटेचौर, ककनी, थाना भञ्ज्याङ्गढी, मेलम्ची सिटी पार्क लगायतका पर्यटकीय क्षेत्रहरूको विकास र विस्तार गर्दै लगिनेछ । साथै यस नगरको पर्यटक ट्रेकिङ रूटको पहिचान गरी आन्तरिक तथा वाह्य पयर्टकको प्रवर्द्धन गरिनेछ ।
- संघीय सरकारले संचालन गर्न लागेको नेपाल भ्रमण वर्ष २०२० को सफल कार्यान्वयनको लागि पर्यटन प्रवर्द्धन कार्यक्रमहरू संचालन गरिनेछ ।

(ख) कृषि, पशु विकास तथा सहकारी ः

- कृषि तथा पशु विकासका लागि संयुक्त सेवा केन्द्र मार्फत सेवा पुऱ्याउने नीतिलाई निरन्तरता दिइनेछ ।
- कृषिमा आधुनिकीकरण तथा ब्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ साथै मेलम्ची नगरपालिका भित्र तरकारी, किवी तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषिमा आधुनिक पद्धतिको विकासको लागि यन्त्र उपकरण खरिदमा आवश्यकता अनुसार अनुदान दिइनेछ ।
- मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिनेछ । बाली तथा पशु बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने ब्यवस्थाको लागि समन्वय गरिनेछ । यसका लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ ।
- खाद्यान्न तथा तरकारीको बीउ उत्पादन र वितरणलाई जोड दिइ बीउ उत्पादन गर्ने कृषक समूह र कृषि सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु नश्लकेन्द्र विकास गरी उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरूको उत्पादन तथा वितरणलाई ब्यवस्थित गरिनेछ ।
- आधुनिक बधशाला सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषितर्फ मुख्य खाद्यवस्तुहरूको उत्पादनमा वृद्धि गरी मेलम्ची नगरपालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाई खाद्य सुरक्षा हासिल गराउने नीति अवलम्बन गरिनेछ ।
- प्रदेश सरकारले अवलम्बन गरेको “प्रदेशको लहर स्वस्थ जीवनको मुल अधार” नीतिलाई सार्थक बनाउँन एक वडा एक IPM कार्यक्रम संचालन गरिनेछ ।
- प्रतिफलमा आधारित अनुदान नीति अवलम्बन गरिनेछ ।
- मेलम्ची नगरपालिकाभित्र रहेका कृषि सहकारी संस्थाहरूसंग सहकार्य गरी माटो परिक्षण अभियान संचालन गरिनेछ ।
- कृषि उपज संकलन केन्द्र निर्माण गर्नुका साथै सोको स्तरवृद्धि गर्दै लगिनेछ ।

- कृषि पकेट क्षेत्रहरूको पहिचान गरी सोको विस्तार गर्ने र जीवन निर्वाहमुखी कृषि पेशालाई व्यवसायी मुखी एवं आधुनिक कृषि पेशाको रूपमा लैजाने नीति अवलम्बन गरिनेछ ।
- कृषि बाली संरक्षण गरी बन्यजन्तु नियन्त्रण गर्न आवश्यक पहल गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- संघीय सरकारले निर्माण गरेको सहकारी सूचना व्यवस्थापन प्रणालीलाई सबै सहकारीहरूमा लागु गर्ने नीति लिइनेछ ।
- सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा विकास गरिनेछ । सहकारीलाई उद्यमशीलताको विकास र कृषिको आधुनिकीकरणमा परिचालन गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगर भित्रका सहकारी संस्थाहरूको विद्युतीय अभिलेखिकरण गरी सूचना मैत्री बनाउँने नीति अवलम्बन गरिनेछ ।
- लक्षित समूह (ग्रामीण विपन्न महिला, भूमिहिन कृषक, रोजगार विहिन श्रमिक आदि ) सहकारी, बजारीकरण र रोजागरीमुलक व्यवसाय समेतका स्थानीय संभाब्यताको आधारमा आयोजनागत अनुदान प्रदान गर्ने नीति लिइनेछ ।
- अद्यावधिक हुन आएका सहकारी संस्थाहरू बाहेक निष्कृय रूपमा रहेका सहकारी संस्थाहरूको दर्ता खारेजी गर्ने नीति लिइनेछ ।
- व्यवसायिक पशुपालक कृषकहरूको लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण प्रदान गर्न आवश्यक समन्वय गरिनेछ र त्यस्ता व्यवसाययिक पशुपालक कृषकहरूको लागि बैंक तथा वित्तिय संस्थाले प्रदान गरेको ऋणको निश्चित प्रतिशत ब्याज अनुदान दिने नीति अवलम्बन गरिनेछ ।
- “एक वडा एक कृषि बाली ” पहिचान गर्ने नीति अवलम्बन गरिनेछ ।
- उन्नत जातका भैंसी आयत गरी व्यवसायिक दुग्ध उत्पादनमा वृद्धि गर्ने नीतिलाई जोड दिइनेछ ।
- कृषिको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । व्यवसायिक सामहिक, सहकारी र करार खेतीमा युवाहरूलाई प्रोत्साहित गरिनेछ ।
- कृषि तथा पशुपन्छीजन्य प्रमुख खाद्यवस्तुहरूको उत्पादनमा तीव्र वृद्धि गर्दै नगरलाई आत्मनिर्भर बनाइनेछ ।

२. **पूर्वाधार विकास** ः

आ.व. २०७५/७६ लाई नगरपालिकाको पूर्वाधार विकास तर्फको प्रस्थान विन्दु निर्धारण गरिएकोमा आगामी तीन वर्षको अवधिलाई विकास अवधिका रूपमा लिइनेछ । आगामी नौ वर्षमा नगरपालिकाले समृद्धिको खुट्किला उक्लिने नीति अवलम्बन गरिनेछ ।

- चालु आ.व. २०७५/७६ मा छनौट गरिएका योजनाहरूलाई उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- ईन्द्रावती नदीलाई व्यवस्थित र आन्तरिक आयको दिगो श्रोतको रूपमा विकास गर्नको लागि ईन्द्रावती नदीमा चेक ड्याम निर्माण गर्न DPR निर्माणको थालनी गरिनेछ । साथै ठूला नदी नियन्त्रण र नदी किनारा संरक्षण गरी नदी किनारामा सडक निर्माण गरिनेछ ।
- नगरपालिका अन्तर्गत निर्माण गरिने सरकारी भवनहरू वातावरण र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- भवन संहिता पालना गरी नगरपालिका घोषणा पूर्व निर्माण भएका सबै घरहरूको अभिलेखिकरण गर्ने अभियान संचालन गर्ने नीति लिइनेछ ।

- नगरपालिकाबाट स्वीकृत नलिईं मापदण्ड विपरित तला थप गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड, जरिवाना गर्ने नीति लिइनेछ ।
- २०७२ सालको विनाशकारी भूकम्पबाट जीर्ण रहेका अव्यवस्थित घर तथा टहराहरू हटाउने नीति लिइनेछ ।
- विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण कार्यलाई निरन्तरता दिइनेछ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंगको समन्वयमा आगामी एक वर्ष भित्र नगरपालिका भित्रका सम्पूर्ण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण सम्पन्न गर्ने गरी कार्यान्वयन गरिनेछ ।
- प्रत्येक घरधुरीमा खानेपानीको पहुँच पुऱ्याउन "एक घर एक धारा" निर्माण गरी स्वच्छ पिउने पानीको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ । खानेपानी सेवाको प्रभावकारीता अभिवृद्धि गर्न प्राकृतिक श्रोतहरूको संरक्षण र भूमिगत जलको व्यवस्थापन गर्ने नीति अंगिकार गरिनेछ ।
- जलश्रोतको दिगो व्यवस्थापनको लागि नगरस्तरमा खानेपानी तथा जलश्रोत विकास समिति गठन गर्ने नीति लिइनेछ ।
- भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउँन नगर क्षेत्रमा संचालन हुने हरेक विकास निर्माणको काममा सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ ।
- नगर क्षेत्रमा निर्माण हुने सार्वजनिक पूर्वाधारलाई बालमैत्री र अपाङ्गमैत्री बनाउँने नीति लिइनेछ ।
- नगर क्षेत्रमा निर्माण हुने पूर्वाधारको उपयोग र दिगो व्यवस्थाको लागि लाभग्राहीको योगदान सहितको पूर्वाधार मर्मत कोष संचालन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
- कृषि, पर्यटन, उद्योग, जलाधार, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा आवश्यकता अनुसार दीर्घकालीन योजना तयार गरी विकासको गन्तव्य सुनिश्चित गरिनेछ । वितरणमुखी योजना छनौटको अभ्यासलाई निरूत्साहित गर्न परियोजना बैंकको रूपमा रहेको एकिकृत नगर विकास गुरू योजनाको माध्यमबाट योजना छनौट गर्ने प्रणाली स्थापित गरिनेछ ।
- नगरपालिकाका सबै वडा कार्यालयका भवनहरू व्यवस्थित गर्दै वडा कार्यालयसम्म पुग्ने बाटोलाई स्तरोन्नती गरिनेछ ।
- नगर चक्रपथको ट्रयाक जोड्ने र स्तरोन्नती गरिनेछ ।
- एक टोल विकास संस्था एक सामुदायिक भवनको नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक बिकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरूमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापनका पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरूको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरीवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।
- नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी (Public Private Partnership) को अवधारणा अवलम्बन गरिनेछ ।
- व्यवस्थित तथा योजनाबद्ध सहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति लाई निरन्तरता दिइनेछ ।
- सहरी विकास मन्त्रालय र सहरी विकास तथा भवन निर्माण विभागसँग निरन्तर सहयोग र समन्वयमा रही नगर क्षेत्रमा राष्ट्रिय भवन संहिता लागू गरिएकोमा स्थानीय तह पुर्नसंरचना पश्चात् थप हुन आएका क्षेत्रमा समेत संहिता लागू गरिनेछ ।

- यस नगरसँग सीमा जोडिएको गाउँपालिका र नगरपालिकासँगको समन्वयमा विकास लगायत विभिन्न सवालमा रणनीतिक साझेदारी कायम गर्दै यस नगरलाई मध्य पहाडी क्षेत्रको शहरको रूपमा विकास गरिनेछ ।
- नगर भित्रका १३ वटै वडामा एक/एक वटा एकिकृत बस्ती, पार्क/वगैचा, खेलकूद मैदान, सामुदायिक भवन निर्माणको लागि प्रोत्साहित गरिनेछ ।
- नीजि क्षेत्रले जग्गा विकास गर्दा नगरपालिकाबाट पूर्व स्वीकृत लिनुपर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- भूकम्पका कारण भत्किएका निजी आवास तथा सरकारी भवनहरूको पुनःनिर्माणको कार्यलाई यसै आर्थिक वर्ष भित्रमा सम्पन्न गर्न प्रोत्साहन गरिनेछ ।
- भूकम्पपीडितहरूको निजी आवास पुनर्निर्माणमा नक्सा पासको लागि नगरबाट प्रदान गरिदै आएको सुविधालाई निरन्तरता दिइनेछ ।
- संघ, प्रदेश र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत विभिन्न संघ/संस्थाहरूको समन्वय, सहयोग र साझेदारीतामा भूकम्पबाट क्षति भएका नगरका पाटी, पौवा, मठ मन्दिर, गुम्बा र शैक्षिक संस्थाहरूको पुनर्निर्माण कार्य एक वर्ष भित्र सम्पन्न गर्ने नीति लिइनेछ ।
- कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार र पर्यटनको विकासद्वारा गरिवी न्यूनीकरण, बेरोजगारी न्यूनीकरण र सकारात्मक विभेदद्वारा महिला, बालबालिका, दलित, जनजाती, आदिवासी, अपाङ्गता भएका ब्यक्ति तथा पिछडिएका क्षेत्रको आर्थिक सामाजिक स्थितिमा सशक्तीकरण गर्न उपलब्ध श्रोत साधनहरूलाई समुचित परिचालन गरिनेछ ।

३. <u>सामाजिक विकास</u> ः

- मेलम्ची नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान सञ्चालन गर्न नगर तथा वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरी सकिएकोमा यसै आ.व. मा यस नगरपालिका क्षेत्रलाई खुला दिशामुक्त क्षेत्र घोषणा गरिनेछ ।
- एक क्लष्टर एक बैंक शाखा स्थापनाको लागि आवश्यक सहजिकरण तथा समन्वय गर्ने नीति लिइनेछ ।
- विभेद रहित नगरपालिका निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।
- नगरभित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक तथा जातिय विभेद र हिंसाका घटनाहरू न्यूनिकरणको लागि आवश्यक कार्ययोजना बनाई लागु गरिनेछ ।
- बालविवाह र बहुविवाहलाई निरूत्साहित गर्न अभियान संचालन गरिनेछ ।
- सामजिक सुरक्षा तथा संरक्षण अन्तर्गत बालबालिका पुर्नस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रम केन्द्र र अशक्त स्याहार केन्द्रहरू आवश्यकताका र क्षमताको आधारमा क्रमशः संचालनमा ल्याइनेछ ।
- लैङ्गिक हिंसा विरूद्धको वर्ष कार्यान्वयनका लागि बहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम सबै वडामा संचालन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रूपले पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक एवं सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थान हुने कार्यक्रमहरू संचालन गरिनेछ ।
- मदिरा तथा सूर्तीजन्य पदार्थ विक्री वितरण तथा प्रयोग सम्बन्धी कार्यलाई ब्यवस्थित गरिनेछ । विभिन्न क्षेत्रमा रहेको सिण्डिकेट एवं कार्टेलिङ्, सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण, लागु औषध उत्पादन, ओसारपसार तथा बेचविखन, जबरजस्ती चन्दा असूली लगायतका गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न आवश्यक प्रणालीको विकास गरिनेछ ।
- यस नगरक्षेत्रलाई प्लाष्टिकमूक्त क्षेत्र घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

- मेलम्ची नगरको फोहरमैला व्यवस्थापन गर्न स्थायी ल्याण्डफिल्ड साइट खोजी गरी प्रयोगमा ल्याउन पहल गरिनेछ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारूपमा उल्लेखित नगरपालिकाको लागि तोकिएका सूचकहरू कार्यान्वयनको लागि स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थासँग सहकार्य गर्नुका साथै वडा समिति र टोल विकास संस्थाहरूको परिचालन गरी सूचकहरू कार्यान्वयनमा ल्याइनेछ ।
- यस नगरलाई सफा उज्यालो बनाउनको लागि सौर्य उर्जा मार्फत उज्यालो नगर बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- वित्तीय सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न प्रोत्साहन गर्दै सबै नगरवासीलाई बैङ्क मार्फत कारोवार गर्न प्रोत्साहन गरिनेछ ।
- समुदायमा रहेको साधन, स्रोतको संगठितरूपमा परिचालन गरी सामाजिक रूपान्तरण र समन्यायिक आर्थिक वृद्धिमार्फत समुदायको सशक्तीकरण गर्न सहकारी अभियानलाई व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक क्षमता अभिवृद्धिका कार्यक्रमहरू लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गर्दै सामुदायिक मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्थाहरूद्वारा संचालित कार्यक्रमहरूलाई नगरपालिकाको दायराभित्र ल्याई कार्य गराउँने नीति कडाइका साथ लागु गरिनेछ ।
- आगलागी, बाढी पहिरो भूक्षय जस्ता जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।
- मेलम्ची नगरक्षेत्र भित्र गठन भएका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, जनजाती, बालबालिका र पिछडिएको वर्गको क्षमता विकास गरी छुट्टाछुट्टै सञ्जालहरूको समन्वयमा लक्षित कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।
- महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहाय र पछाडि परेका समुदायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ संस्थासंगको सहकार्यमा सशक्तिकरण लगायत आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ ।
- विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ ।
- नगर क्षेत्रभित्र अनाथ वालबालिका, अपाङ्ग, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वुद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघ सस्थालाई सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस नगरलाई बालमैत्री नगर बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रम सञ्चालन गर्नुका साथै बालश्रम रहित नगर बनाउने नीति लिइनेछ ।
- घाट, चिहानहरूको व्यवस्थापन र पाटी पौवाहरूको निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवं गैरसकारी संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रूपमा परिचालन गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गर्न परीक्षणको रूपमा मेलम्ची नगरपालिका वडा नं. ७ र ११ बाट शुरू गरी क्रमशः अन्य वडाहरूमा समेत लागु गरिनेछ ।

**(क) जन स्वास्थ्य :**

- नगरस्तरीय स्वास्थ्य सेवा विकास गर्न आवश्यक पहल गरिनेछ । नगर क्षेत्रभित्रका बस्तीहरूबाट नगरका बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन आउने महिलालाई एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिंदै नगरभित्रका बर्थिङ सेन्टरहरूमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरूलाई तीन महिनासम्म मासिक रू. एक हजारका दरले पोषण भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका अन्तर्गतका बर्थिङ सेन्टर र पोष्टमार्टम कार्यमा संलग्न कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नगरपालिकाका बर्थिङ सेन्टरहरूको आवश्यकताको आधारमा स्तरवृद्धि गर्दै लगिने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र रक्तदान कार्यक्रमको आयोजना गर्ने र रक्त समूह परीक्षण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।
- एक वडा एक स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति लिई निरन्तरता दिई स्तरोन्नती गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरूको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य जाँच तथा उपचार कार्यक्रमलाई शुरूवात गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरूलाई उच्चस्तरको स्वास्थ्य, उपचार तथा पुर्नस्थापना सेवाहरू संचालन गर्ने नीति लिइनेछ ।
- प्रशुती पुरूष समूह मार्फत गर्भवती तथा सुत्केरी महिलाको प्रोटोकल अनुसारको जाँच र हेरचाह गर्ने कार्यलाई अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधिको जडान कार्यलाई अगाडि बढाइनेछ ।
- नगरपालिका भित्रका वडाहरूमा मौसम अनुसारको स्वास्थ्य शिविर संचालन गर्ने नीति लिइनेछ ।
- पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिलाहरूको प्रजनन् स्वास्थ्य पाठेघर खस्ने समस्याको समाधान गर्दै जाने तथा पाठेघर र स्तन क्यान्सरको VIA को लागि चेतनामुलक कार्यक्रम र शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्सा लगायतका विशिष्टिकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- नेपाल सरकारले तोकेका गम्भिर प्रकृतिका रोगबाट पीडित नगरवासीहरूलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- नगरपालिकासंग समन्वय नगरी निरन्तर संचालनमा रहेका स्वास्थ्य संस्थाहरूको नियमन गर्ने नीति लिइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**(ख) शिक्षा तथा खेलकुद विकास** :

- आधारभूत शिक्षामा बहु कक्षा बहु शिक्षण (MGML) पद्धतिलाई प्राथमिकता दिइने नीति अवलम्बनमा निरन्तरता दिइनेछ ।
- प्रारम्भिक बाल विकास तथा शिक्षालाई सर्वशुलभ बनाई सबै विद्यालयमा कम्तिमा एक बाल विकास कक्षा र आवश्यकताको आधारमा सामुदायिक बाल विकास केन्द्र स्थापना गर्ने र बाल विकास शिक्षकलाई उत्प्रेरित गर्ने नीति लिइनेछ ।
- विद्यालयहरूलाई बालमैत्री, अपाङ्गमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भित्र्याउँन आवश्यक नीति लिइनेछ ।
- शिक्षामा सबै बालबालिकाको पहुँच वृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकसंग कार्य सम्पादन सम्झौता गरी कार्य गरिनेछ ।
- बाल अधिकारको सुनिश्चतताको लागि बाल क्लबहरलाई क्रियाशिल बनाउँन विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगरका विद्यालयहरूलाई हरियाली, सफा, शान्तिपूर्ण र सुरक्षित बनाउँने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगर भित्रका विद्यार्थीहरूको सर्वाङ्गीण विकासको लागि विद्यालयस्तरीय एवं नगरस्तरीय अतिरिक्त क्रियाकलापहरू संचालन गरिनेछ ।
- शैक्षिक गुणस्तरका सूचकहरू तयार गरी सोको आधारमा विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने परिपाटीको विकास गर्दै लगिनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको भूमिकालाई सबल र प्रभावकारी बनाउँन क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयमा दिवा खाजाको व्यवस्थापनलाई सुदृढ गराई विद्यालय हाताभित्र जंङ्क फुडको प्रयोगलाई क्रमशः निषेध गर्दै लाने नीति लिइनेछ ।
- विद्यालयस्तरमा अंग्रेजी, विज्ञान र गणितको नतिजा सुधार गर्न शिक्षकको क्षमता विकास गरी शिक्षण सिकाईमा सुधार गरिनेछ ।
- भूकम्पबाट क्षति भई हालसम्म पुर्ननिर्माण नभएका विद्यालयको निर्माण कार्यलाई अगाडि बढाउँन पहल गरिनेछ ।
- विद्यालयको भौतिक संरचनाको मर्मत संभारका लागि नगरस्तरमा विद्यालय मर्मत संभार कोष खडा गरिनेछ ।
- शिक्षाको गुणस्तर सुधारमा अभिभावकको भूमिकालाई बढाउँन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- कक्षा कोठाको शिक्षण सिकाई सुधार गरी सिकाई उपलब्धी बढाउँनको लागि प्रशासनिक एवं प्राविधिक सुपरिवेक्षणमा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- क्रियाकलापमा आधारित परियोजनामुलक तथा जीवन उपयोगी शिक्षामा जोड दिइनेछ ।
- बालबिकास र कक्षा १ को बसाई व्यवस्थापनलाई बालमैत्री बनाउँन जोड दिइनेछ ।
- नगरका विद्यालयहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनमा प्राथमिकता दिदै सूचना तथा प्रविधि मार्फत शिक्षण सिकाई गर्न/गराउन प्रोत्साहन गरिनेछ ।
- नगरका माध्यामिक विद्यालयहरूमा एक मा.वि. एक करेसावारी स्थापनाको लागि प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

- नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरि संचालन गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक सिकाई केन्द्रको प्रभावकारी व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रमा शैक्षिक गुणस्तरका लागि भौतिक पूर्वाधार लगायतका पक्षमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।
- शिक्षण सिकाइलाई उपलब्धीमुलक बनाउँनका लागि शैक्षिक कार्य योजना, इकाई योजना र पाठ्य योजनाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- आधारभूत तहको अन्तिम परीक्षालाई व्यवस्थित र मर्यादित बनाइनेछ ।
- पाठ्यक्रममा आधारित विद्यालय शिक्षालाई जोड दिइनेछ ।
- समयानुकुल शिक्षकको क्षमता विकास गर्ने कार्यमा जोड दिइनेछ ।
- समसामयिक अनौपचारिक शिक्षामा जोड दिइनेछ ।
- सबैका लागि समावेशी, समतामुलक, गुणस्तरीय शिक्षामा सबैको पहुँच अभिवृद्धि गरिनेछ ।
- प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुर्‍याउँने नीति लिइनेछ ।
- आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यामिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- अगुवा र आधार विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- अपाङ्गता र आर्थिक रूपले विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षासम्मको अध्ययनमा आवश्यक सहयोग गरिनेछ ।
- एक वडा एक बाल उद्यान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाका सबै विद्यालयहरूमा स्वच्छ पिउने पानीको व्यवस्था मिलाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालय भिकाउ, सिकाउ, टिकाउ र बिकाउको अभियान चलाइनेछ ।
- आवश्यकता अनुसार विद्यालय तथा शिक्षक दरवन्दी मिलानको नीतिलाई निरन्तरता दिइनेछ ।
- उत्कृष्ट शिक्षण गर्ने शिक्षकलाई प्रशंसा तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्यको नीति अपनाइनेछ ।
- विद्यालय व्यवस्थापन समिति र अभिभावकको भूमिकालाई सबल र प्रभावकारी बनाइनेछ ।
- शिक्षकहरूले प्राप्त गर्ने पारिश्रमिक मासिक रूपमा सम्बन्धित शिक्षकको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्रको खेलकुद विकासका लागि नगर खेलकुद विकास समिति गठन गरिनेछ र खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउँन नगर क्षेत्रका युवाहरू र क्रियाशिल क्लबहरूसंग समन्वय गरी मेयर कप खेलकुद कार्यक्रमहरू संचालन गरिनेछ ।
- खेलाडीको क्षमता र खेलको स्तरवृद्धि गर्नुका साथै वडातहसम्म खेलमैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहको श्रोत साधनलाई प्रयोग गरी स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोगमा जोड दिइनेछ ।
- शिक्षाको पहुँचबाट टाढा रहेका तथा आर्थिक रूपले विपन्न वर्गका विद्यार्थीहरूको लागि आवासीय विद्यालय भवन निर्माणको अवधारण कार्यान्वयनमा ल्याउन आवश्यक तयारी गरिनेछ ।

## ४. सूचना तथा संचार ः

- राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुसार सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पत्रकारिता क्षेत्रको प्रर्वद्धन एवम् विकासका लागि पत्राकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरूसंग समन्वय गरि संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

## ५. वातावरण तथा विपद व्यवस्थापन र जलवायु अनुकुलन ः

- सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण तथा वन व्यवस्थापन गरी हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढ गरिने छ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरूलाई व्यवस्थित र उत्पादनमुखी बनाउँदै लाने नीति अवलम्बन गरिनेछ ।
- गैरकाष्ठ वन पैदावरबाट आय वृद्धि गर्ने कार्यक्रमहरू संचालन गर्न क्षमता वृद्धि र प्रोत्साहनको नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकाका सबै वडामा वडा सदस्यको संयोजकत्वमा समिति निर्माण गरी नगर क्षेत्र भित्रका सबै घर आँगनमा करेसाबारीको अवधारण लागु गरी कम्तिमा एक घर २ फल/फुलका विरूवाहरू रोप्न प्रोत्साहित गरिनेछ ।
- निजी क्षेत्रबाट विरूवा उत्पादन गरी वन विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- जडिबुटी प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरिने छ ।
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागू गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- योजना निर्माण गर्दा विपद न्यूनीकरण हुने गरी संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय विपद व्यवस्थापन कार्यक्रम तयार गरी क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- विपद व्यवस्थापन कोष स्थापना गरिएकोमा सोको निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापनलाई क्रमश व्यवस्थित गर्दै लगिनेछ ।
- विकास र वातावरणबीच सन्तुलन कायम गरिनेछ । पृथ्वीको भविष्य, जीवहरूको रक्षा, हित कल्याण र यसको इकोसिस्टममा टकराव नआउने गरी विकास कार्यहरू अघि बढाइनेछ ।

- विश्व तापमानबाट भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकरात्मक असरहरूलाई न्यून गर्न स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमहरू संचालन गरिनेछ ।
- प्राकृतिक श्रोतको अनुचित दोहन हुन नदिने तर पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरू निर्वाध रूपमा उपलब्ध हुने सुनिश्चित गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापनका पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा समुदायको विपद् व्यवस्थापनको क्षेत्रमा क्षमता विकास गरिनेछ ।

**६. <u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u> ः**

- नगरपालिकाबाट उपलब्ध हुने सेवाहरू फरक क्षमताका व्यक्तिहरू, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू एवं दृष्टिबिहिनहरूको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।
- कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि योजना तर्जूमा गरिनेछ ।
- नगरपालिकाबाट सम्पादन हुने कामहरूलाई प्रभावकारी बनाउन नियमित अनुमगन गरी प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरूलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । नगरपालिकाका सबै वडामा सफ्टवेयर जडान गरी दैनिक प्रशासनिक कामकाजलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको कर्मचारी दरवन्दी, कर्मचारी संगठन संरचना, स्थानीय तहमा कार्यरत स्थायी, अस्थायी/करार कर्मचारी र समायोजन भई आउने कर्मचारीहरूलाई समावेश गरी नगरपालिकाको आवश्यकता अनुसारको संगठनात्मक संरचना स्वीकृत गरी थप दरवन्दीको व्यवस्था मिलाइनेछ ।
- पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकाको आम्दानी एवम् खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न सरूवा तथा जिम्मेवारी हेरफेर गरिनेछ ।
- मेलम्ची नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली र स्थानीय कर्मचारी सेवा संचालन ऐन तयार गरी लागु गरिनेछ । साथै आर्थिक प्रशासन सम्बन्धि नियमावली समेत तयार गरी लागु गरिनेछ ।
- मेलम्ची नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर (Good Governance Friendly City) बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरूवात गरिएकोमा उक्त कार्यलाई प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- विकास आयोजनाहरूको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीतिगत एवं संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ ।

- स्थानीय तहका जनप्रतिनिधिहरूको सम्पत्ति विवरण प्राप्त गर्ने र संरक्षण तथा अभिलेखिकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- मेलम्ची नगरपालिकाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नेछ । भ्रष्टाचार विरूद्धको रणनीतिलाई व्यापक रूपमा तल्लो तहसम्म सम्प्रेषण गरी मर्यादित, पारदर्शी र सक्षम प्रशासन निर्माण गर्न कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- मेलम्ची नगरक्षेत्रलाई जिल्लाकै समृद्ध नगरका रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडाको विकास र कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- मेलम्ची नगरपालिकामा कार्यरत कर्मचारी र उपभोक्ता समितिलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कृत गरिनेछ ।
- न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित बनाउन सचेतनामुलक कार्य गर्नुका साथै इजलास व्यवस्थापन, कानूनी सल्लाहकारको व्यवस्था र सचिवायलयको व्यवस्थापन गरिनेछ ।
- टोल विकास संस्थाको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।